राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक १८७ २०८२ माघ २६ गते सोमवार (9 Feb. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## निर्वाचनका सामग्री केन्द्र र जिल्लाबाट व्यवस्थापन




दैनिक समाचारदाता

काठमाडौं, २५ माघ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले नौ प्रकारका निर्वाचन सामग्री केन्द्रबाटै पठाउने तयारी गरेको छ।

निर्वाचन आयोगले नौ प्रकारका सामग्री केन्द्रबाट पठाउने र ३७ प्रकारका सामग्री जिल्लामै व्यवस्थापन गर्ने व्यवस्था मिलाएको सहायक प्रवक्ता प्रकाश न्यौपानेले राससलाई जानकारी दिए।

आयोगका अनुसार प्रत्येक निर्वाचन क्षेत्रमा पठाइने सामग्रीमा तालिम तथा मतदान केन्द्रका लागि सुरक्षणशील सामग्री, छेकाबारा, नउड्ने मसीको मार्कर, स्ट्याम्प प्याड, प्याडको मसी, दुई प्रकारका स्वस्तिक छाप तथा मतपेटिकाका स्टीकर रहेका छन्।

यसैगरी जिल्लामै व्यवस्थापन गरिने निर्वाचन सामग्रीमा सिलिङ बक्स, अनुसूची फाराम, पुसपिन, डायरी (पोल बुक), मार्कर पेन, स्केल, स्ट्याप्लर मेसिन र पिन, कैंची, ग्लु स्टिक, सोसर (काउन्टिङ डम्पर), पञ्चिङ मेसिन, परिचयपत्र होल्डर, भित्री तथा बाहिरी कार्ड, पुरुष तथा महिला कार्ड, मतदाता क्रमसंख्या, मतदान केन्द्र कार्ड, प्लास्टिक झोला, बोरा, सुतली तथा प्याकिङ टेप समावेश छन्।

त्यसैगरी नेपाली कागजका खाम (१०X१५ इन्च), कपडायुक्त नेपाली खाम (निविदा मतपत्र राख्न), सेतो कागज (ए(४) ३० पाना, फित्तासहितको रेकर्ड फाइल, धागो, सियो, खाप्सियो, फलाटिन कपडा, सलाइ, दुई मिटरको कोरा कपडा, कालो तथा रातो जेल पेन र चारवटाको मैनबत्तीको प्याकेट पनि जिल्लामै व्यवस्थापन गरिने निर्वाचन सामग्रीको सूचीमा रहेको आयोगले जनाएको छ।

## राजनीतिक संकटमा चुनावको परीक्षा :डा. सिंह

दैनिक समाचारदाता

जनकपुरधाम, २५ माघ । देश प्रतिनिधिसभा सदस्य निर्वाचनतर्फ उन्मुख भइरहँदा संविधानसभा सदस्य तथा विश्लेषक डा. विजयकुमार सिंहले सामाजिक सञ्जालमार्फत आसन्न निर्वाचनलाई केवल नियमित राजनीतिक प्रक्रिया मात्रका रूपमा हेर्न नसकिने बताएका छन् । उहाँले यो निर्वाचनले मुलुकलाई विद्यमान जटिल राजनीतिक तथा संवैधानिक संकटबाट मुक्त गराउन सक्छ कि सक्दैन भन्ने गम्भीर प्रश्न उठाउनुभएको छ । राजनीतिक दलहरू उम्मेदवार चयन, प्रचार-प्रसार र संगठन विस्तारमा व्यस्त देखिए पनि यही निर्वाचन प्रक्रियामाथि बौद्धिक तथा विश्लेषक वृत्तबाट चिन्ता व्यक्त हुन थालेको छ। डा. सिंहले संविधानसभाबाट जारी भएको ऐतिहासिक संविधान र त्यसले संस्थागत गर्न खोजेको परिवर्तन आज गहिरो संकटको घेरामा परेको उल्लेख गर्नुभएको छ । उहाँले लेख्नुभएको छ, "संविधानसभाबाट बनेको संविधान र त्यसले स्थापित गर्न खोजेको परिवर्तन अहिले गम्भीर चुनौतीको सामना गरिरहेको छ। यस्तो अवस्थामा पुरानै शैली, पुरानै शक्ति संरचना र उही राजनीतिक संस्कारको पुनरावृत्तिमार्फत गरिने



निर्वाचनले संविधानको मर्मअनुसार स्थायित्व र परिवर्तनको रक्षा गर्न सक्छ कि सक्दैन भन्ने विषय गहन बहसको माग गर्छ ।"

डा. सिंहका अनुसार लोकतान्त्रिक व्यवस्थामा निर्वाचनलाई अनिश्चितता समाधान गर्ने प्रमुख माध्यम मानिए पनि वर्तमान सन्दर्भमा परिस्थितिहरू फरक छन्। राज्यका प्रमुख अंग– कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच संविधानप्रतिको निष्ठा, व्याख्या र व्यवहारमा देखिएको द्वन्द्व, साथै नयाँ पुस्ता (जेन-जी) मा बढ्दो असन्तोष र विद्रोही चेतनालाई बेवास्ता गर्दै निर्वाचनलाई मात्र 'ब्रह्मास्त्र' का रूपमा प्रस्तुत गर्नु जोखिमपूर्ण हुन सक्ने उहाँको ठहर छ ।

उहाँले मुलुक गहिरो राजनीतिक र वैचारिक संक्रमणको चरणमा रहेको उल्लेख गर्दै राष्ट्रिय स्तरमै खुला, इमानदार र गम्भीर बहसको आवश्यकता औंल्याउनुभएको छ। वर्तमान संकटका कारण, सम्भावित विकल्प र समाधानका मार्गचित्रबारे साझा समझदारी नबनाई निर्वाचनमा मात्र केन्द्रित हुनु दीर्घकालीन समाधान हुन नसक्ने उहाँको तर्क छ ।

डा. सिंहले अझै गम्भीर प्रश्न उठाउँदै भन्नुभएको छ, "यदि निर्वाचन संविधानसभाबाट बनेको संविधानलाई सबल बनाउने सट्टा त्यसलाई असफल सावित गर्ने उपकरणमा परिणत भयो भने यसको जिम्मेवारी कसले लिन्छ ? राजनीतिक दल, राज्य संयन्त्र र बौद्धिक समुदाय यो प्रश्नबाट उम्किन सक्दैनन्।"

पछिल्ला वर्षहरूमा देखिएको राजनीतिक अस्थिरता, संसद् विघटनसम्बन्धी विवाद, सरकार निर्माण र विघटनको निरन्तरता तथा जनतामा बढ्दो निराशाले निर्वाचनप्रतिको विश्वाससमेत कमजोर बनाइरहेको उहाँको विश्लेषण छ। यस्तो अवस्थामा निर्वाचनलाई मात्र सबै समस्याको अन्तिम समाधानका रूपमा प्रस्तुत गर्नु वास्तविक संकटबाट ध्यान मोड्ने प्रयास हुन सक्ने उहाँ बताउनुहुन्छ।

डा. सिंहको धारणा समग्रमा एक प्रकारको चेतावनीका रूपमा आएको देखिन्छ। निर्वाचन अपरिहार्य प्रक्रिया भए पनि,

*बाँकी पृष्ठ ३मा*

## कांग्रेसका ११ महिला उम्मेदवार प्रत्यक्ष चुनावी मैदानमा

दैनिक समाचारदाता

काठमाडौं, २५ माघ । नेपाली कांग्रेसले आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्षतर्फ देशभरका १६५ निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको छ। फागुन २१ गते हुने निर्वाचनमा कांग्रेसका तर्फबाट प्रत्यक्षमा उठाइएका १६५ उम्मेदवारमध्ये ११ जना महिला रहेका छन्।




गत पुसमा सम्पन्न कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट चयन भएको केन्द्रीय कार्यसमितिले राष्ट्रिय राजनीतिमा परिचित सात तथा स्थानीयस्तरमै सक्रिय चार महिला नेतृलाई प्रत्यक्षतर्फ उम्मेदवार बनाएको हो।

राष्ट्रिय राजनीतिमा परिचित उम्मेदवारमध्ये मकवानपुर-१ बाट निवर्तमान सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना', झापा-२ बाट सरिता प्रसाईं, महोत्तरी-२ बाट किरण यादव, सिन्धुली-२ बाट सुशीला थिङ, काठमाडौं-८ बाट सपना राजभण्डारी, काठमाडौं-९ बाट नानु बास्तोला र रुकुमपूर्वबाट कुसुम थापा मगर उम्मेदवार हुनुहुन्छ।

यसैगरी स्थानीय राजनीतिमा सक्रिय नेतृहरूमध्ये झापा-५ बाट मन्धरा चिमरिया, सिराहा-४ बाट चन्द्रकलाकुमारी यादव, चितवन-२ बाट मीनाकुमारी खरेल र दैलेख-१ बाट बासना थापालाई कांग्रेसले उम्मेदवार बनाएको छ। कांग्रेसका महिला उम्मेदवारहरू पूर्वप्रधानमन्त्री, पूर्वमन्त्री तथा विभिन्न दलका 'हेभी वेट' नेताहरूसँग चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्।


### *झापा-५ मा ओलीविरुद्ध चिमरिया*

झापा-५ मा कांग्रेसले मन्धरा चिमरियालाई पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीविरुद्ध मैदानमा उतारेको छ। यही क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट काठमाडौं महानगरपालिकाका निवर्तमान मेयर बालेन्द्र शाह पनि उम्मेदवार छन्। राष्ट्रिय महिला अधिकार मञ्चकी केन्द्रीय उपाध्यक्ष चिमरिया सामाजिक तथा महिला अधिकार क्षेत्रमा लामो समयदेखि सक्रिय रहँदै आएकी छन्।

### *रुकुमपूर्वमा प्रचण्डविरुद्ध कुसुम*

*बाँकी पृष्ठ ३मा*

अब अनलाइनबाट बुकिङ्को सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु





दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

२०८२ माघ २६ गते सोमवार [9 Feb. 2026]

समाचार दैनिक



## सम्पादकीय

# युवाको आवाज कि औपचारिकता मात्र ?

युवालाई देशको मेरुदण्ड मानिन्छ । युवाको सहभागिता बिना देश समृद्ध हुन सक्दैन । त्यसैले युवा नीति राज्यको पहिलो प्राथमिकतामा हुनुपर्छ ।

युवालाई देशको सचेत नागरिक हुन । देशको भविष्य अझै सचेत हातमा छ । समावेशी, पारदर्शी र युवामैत्री नीति निर्माणको आवश्यकता औँल्याउँदै उनीहरूले अपांगता, यौनिक तथा अल्पसंख्यक अधिकारदेखि उद्यमशीलता, रोजगारी, डिजिटल साक्षरता र भ्रष्टाचार अन्त्यसम्मका मुद्दा एकै स्वरमा अघि सारे । तर प्रश्न उही पुरानै छ यी आवाजहरू नीति कागजमै सीमित हुने कि व्यवहारमा रूपान्तरण हुने ?

नेपालको जनसंख्यामा युवाको हिस्सा ठूलो छ । तर विडम्बना, नीति निर्माणदेखि बजेट विनियोजनसम्म युवाको उपस्थिति प्रभावकारी देखिँदैन । कार्यशालामा युवाहरूले राज्यको कुल बजेटको २५ प्रतिशत युवा क्षेत्रमा विनियोजन गर्नुपर्ने माग गर्नु कुनै अतिशयोक्ति होइन, बरु दीर्घकालीन लगानीको स्पष्ट खाका हो । शिक्षा, शिप, रोजगारी र उद्यमशीलतामा पर्याप्त लगानीबिनै “युथ भिजन” केवल नारामा सीमित हुने खतरा रहन्छ ।

मधेस प्रदेशका युवाहरूले उठाएका मुद्दाहरू क्षेत्रीय मात्र होइनन्, राष्ट्रिय महत्वका विषय हुन् । अपांगता र यौनिक अल्पसंख्यक अधिकारको सम्मान, मानव अधिकारको संरक्षण, वातावरणमैत्री शासन र भ्रष्टाचारको अन्त्य(यी सबै बिना समावेशी विकास सम्भव छैन । राष्ट्रिय मानव अधिकार आयोगका प्रदेश प्रमुखले युवाको मुद्दा मानव अधिकारको दृष्टिले सम्बोधन गर्नुपर्ने भनाइ समयसापेक्ष छ । तर मानव अधिकारको भाषा भाषणमा मात्र सीमित रहनु हुँदैन, यसलाई नीति र कार्यान्वयनमा उतार्ने राज्यको दृढ इच्छाशक्ति आवश्यक छ ।

राष्ट्रिय युवा परिषदले शिक्षा, विकास, सुरक्षा, नेतृत्व, खेलकुद र मनोरञ्जनलाई प्राथमिकतामा राखिएको दाबी गरेको छ । तर यस्ता प्राथमिकता अघिल्ला नीतिहरूमा पनि थिए । समस्या नीति अभाव होइन, कार्यान्वयनको कमजोर पक्ष हो । युवालाई केवल कार्यक्रमका सहभागी बनाउने होइन, निर्णय प्रक्रियाको केन्द्रमा राख्न नसकिएसम्म नीति युवामैत्री बन्न सक्दैन ।

मधेसजस्तो सम्भावनायुक्त तर अवसरबाट वञ्चित क्षेत्रका युवालाई अझै पनि बेरोजगारी, वैदेशिक पलायन र निराशाले गाँजिरहेको छ । यदि राज्यले अहिले उठेका आवाजलाई गम्भीरतापूर्वक नलिने हो भने “युथ भिजन” अर्को औपचारिक दस्तावेज बन्नेछ । युवाको ऊर्जा सही दिशामा परिचालन गर्न सके मात्र समृद्धि सम्भव छ ।

अतः, यो कार्यशाला केवल सुझाव संकलनको औपचारिकता नबनोस् । युवाले उठाएका मुद्दालाई नीतिमा मात्र होइन, बजेट, कार्यक्रम र परिणाममा देखिनुपर्ने समय आएको छ । अब राज्यले प्रमाणित गर्नुपर्छ(युवाको आवाज सुन्ने मात्र होइन, त्यसलाई कार्यान्वयन गर्ने इच्छाशक्ति पनि उसँग छ ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# उपभोक्तावादी समाजः चरित्र र चुनौती



समीर बम्जन तामाङ

मानव सभ्यताको विकास उत्पादनसँग जोडिएको हुन्छ । मानिसले आफ्नो आवश्यकता पूरा गर्न प्रकृतिको प्रयोग गरी नयाँ वस्तुको सिर्जना गर्छ । कुनै पनि समाजको पहिचान त्यसले गर्ने सिर्जना र उत्पादनबाट निर्देशित हुन्छ । तर जब समाजमा सिर्जना र उत्पादनभन्दा उपभोगलाई सफलताको मानक मानिन्छ, तब उपभोक्तावादी समाजको जन्म हुन्छ ।

उपभोक्तावाद एउटा यस्तो अवस्था हो, जहाँ बजारले मानिसको इच्छालाई नियन्त्रण गर्छ । उपभोक्तावादी चरित्रले मानिसलाई सिर्जनशील उत्पादकबाट बदलेर केवल बजारको एउटा तथ्याङ्क वा उपभोगको मेसिनमा सीमित गरिदिन्छ । उपभोक्तावादी समाजमा बजारले मानिसको संस्कृति र मनोविज्ञानलाई नियन्त्रण गर्छ र मानिसहरू वस्तुको उपभोग गरेर नै मानसिक सन्तुष्टि खोज्ने प्रयास गर्छन् । जब समाजमा कुनै वस्तुको प्रयोग उसको उपयोगिताका लागि भन्दा प्रदर्शन र प्रतिष्ठाका लागि गरिन्छ, तब त्यो समाज उपभोक्तावादको दलदलमा फसेको मानिन्छ । सरल शब्दमा भन्नुपर्दा, मानिसको पहिचान, सफलता र खुसी उनीहरूले प्रयोग गर्ने वस्तु वा सेवाको खरिद र उपभोगमा आधारित हुन्छ, त्यसलाई उपभोक्तावादी समाज भनिन्छ ।

वर्तमान नेपाली समाज उपभोक्तावाद र अनुत्पादक दुवै अवस्थाको दुश्चक्रमा फसेको भनेर भन्न हिचकिच्याउनु पर्दैन । अनुत्पादक समाज भनेको त्यो हो, जसले आफ्नो आवश्यकताका वस्तु वा सेवाहरू आफैँ सिर्जना वा उत्पादन गर्नुको सट्टा अरूले बनाएका कुरामा मात्र भर पर्छ । यस्तो समाजमा आर्थिक गतिविधिहरू सिर्जनाभन्दा खपतमा केन्द्रित हुन्छन् । नेपाल अहिले यही चरित्र वरिपरिबाट गुज्रिरहेको छ, जुन दीर्घकालका लागि नै घातक हुन सक्छ । हामीकहाँ उत्पादन नभएको उपभोक्तावाद हाबी छ र हामी परनिर्भर उपभोक्ता बनेका छौँ । यो उत्पादनविहीनताले अर्थतन्त्र मात्र होइन, हाम्रो मानवीय संवेदना र सामाजिक चरित्रलाई समेत खोक्रो बनाउँदै लगेको छ ।

उत्पादनमुखी विकसित देशहरूमा उत्पादनको प्रचुरतापछि उपभोगको संस्कृति बन्यो तर नेपालमा भने उत्पादनको जग नै नबसी उपभोग आकाशिएको छ । यो परजीवी अर्थतन्त्र हो, जसले हाम्रो राष्ट्रिय सार्वभौमिकतालाई समेत कमजोर बनाउँदै लगेको छ । तर यो अवस्था रातारात सिर्जना भएको भने होइन, दशकौँदेखिका गलत आर्थिक नीति, राजनीतिक अस्थिरता र उत्पादनप्रतिको उपेक्षाको परिणाम हो । नेपालको आधुनिक आर्थिक इतिहासमा बीपी कोइरालाले अघि सारेको प्रजातान्त्रिक समाजवाद एक मौलिक र प्रगतिशील अवधारणा मान्न सकिन्छ । २०१५ सालमा जननिर्वाचित प्रधानमन्त्री बनेपछि उनले नेपालको माटो सुहाउँदो अर्थनीति अघि सारेका थिए । उनको समाजवादको केन्द्रमा हलो जोत्ने किसान थियो । उनी भन्थे, ’नेपालको योजना बनाउँदा योजना आयोगको भित्तामा एकजना गरिब किसानको फोटो झुन्ड्याऊ र सोध कि तिम्रो योजनाले यो किसानको जीवनमा के परिवर्तन ल्याउँछ ?’

बीपी कोइरालाको प्रजातान्त्रिक समाजवादको मूल मर्म उत्पादनमा आधारित स्वाभिमान थियो । बीपीले ठुला र आयातित उद्योगभन्दा पनि ग्रामीण आत्मनिर्भरतामा जोड दिएका थिए । उनले बिर्ता उन्मूलन गरेर जमिनमा जोत्नेको हक स्थापित गर्न खोजे, जसले किसान उत्पादनमा प्रोत्साहित होस् । उनले साना र मझौला उद्योगमार्फत् स्थानीय कच्चा पदार्थको प्रयोग र रोजगारी सिर्जनाको परिकल्पना गरेका थिए । तर २०१७ सालको राजनीतिक कु भयो, जुन राजनीतिक परिघटनामार्फत् पञ्चायतले उनको मौलिक आर्थिक मोडेललाई पूर्ण रूपमा कार्यान्वयन हुन दिएन ।

२०४६ सालपछिको निजीकरण नीतिले बीपीको त्यो उत्पादनशील समाजको सपनालाई उपभोक्तावादी समाजमा बदलिदियो । पञ्चायतकालमा केही सरकारी कारखाना खुले पनि ती राज्यको नियन्त्रणमा थिए, जनताको उद्यमशीलतासँग जोडिन सकेनन् । २०४६ सालपछिको नव-उदारवादले त झन् स्वदेशी उद्योगको संरक्षण गर्नै सकेन र नेपाल एउटा ट्रेडिङ इकोनोमीमा बदलियो ।

२०४६ सालको प्रजातन्त्र पुनर्बहालीपछि नेपालले विश्वव्यापी आर्थिक लहरलाई पछ्याउँदै नव-उदारवाद र खुला बजार अर्थतन्त्र अँगाल्यो । यो नै नेपालको उत्पादनशील जग भत्किने प्रस्थानबिन्दु बन्यो । तत्कालीन नेपाली कांग्रेसको सरकारले भृकुटी कागज कारखाना, बाँसवारी छाला जुत्ता कारखाना, हेटौँडा कपडा उद्योगजस्ता दर्जनौँ सरकारी उद्योगहरू निजीकरण गर्‍यो । रणनीतिक योजनाको अभावमा ती उद्योगहरू निजी क्षेत्रले चलाउनुको सट्टा जग्गा बेचेर खान वा बन्द गर्न प्रयोग गरे ।

स्वदेशी उद्योगको विस्थापनसँगै भन्सार दरहरूमा व्यापक कटौती भयो, जसले गर्दा विदेशी सामान सस्तोमा भित्रिन थाले । नेपालका साना उद्यमीहरूले विदेशी उत्पादनको विशाल पुँजी र प्रविधिसँग प्रतिस्पर्धा गर्न सकेनन् । फलस्वरूप नेपाल एउटा उत्पादक राष्ट्र बन्ने चरणमा प्रवेश नै नगरी आयात गर्ने राष्ट्रमा बदलियो ।

२०५२ सालबाट सुरु भएको माओवादी सशस्त्र जनयुद्धबाट एउटा ऐतिहासिक राजनीतिक उपलब्धि त भयो तर त्यस अवधिमा देशको अर्थतन्त्र र पूर्वाधार निर्माणमा अवरोध भयो, जसले गर्दा देशको समग्र उत्पादन प्रणाली एक दशकसम्म अन्योलमा पर्‍यो । दशवर्षे जनयुद्धले ग्रामीण उत्पादन प्रणालीमा परेको असर कालान्तरमा देशको युवा पलायनको बिन्दु बन्न पुग्यो । शान्ति प्रक्रियापछि ती विस्थापित मानिसहरू माटोमा फर्किनुको सट्टा विदेश पलायन हुन थाले । यही समयमा वैदेशिक रोजगारीको बाटो व्यापक रूपमा खुल्यो । वैदेशिक रोजगारीबाट पैसा त आयो तर गाउँमा श्रम गर्ने युवा रहेनन् । खेतीयोग्य जमिन बाँझो भयो ।

रेमिट्यान्सले मानिसको खरिद शक्ति पनि बढायो, तर बजारमा नेपाली सामान भएन । फलस्वरूप रेमिट्यान्सको पैसा आयातित सामान किन्नमा विदेशमै फर्कियो । २०६३ सालको विस्तृत शान्ति सम्झौतापछि देशमा ठुलो राजनीतिक परिवर्तन भयो र त्यसले नेपाली जनमानसमा ठुलो उत्साह पनि सिर्जना गर्‍यो । तर विडम्बना, त्यो उत्साहले सार्थकता नपाउँदै आर्थिक रूपमा यो अवधि श्रम पलायन, उपभोग विस्तार हुँदै परनिर्भरताको स्वर्ण युग सावित हुन पुग्यो । शान्ति सम्झौतापछिको सङ्क्रमणकालमा राजनीतिक अस्थिरता, लोडसेडिङ र मजदुर आन्दोलनजस्ता विविध कारणले भएका उद्योगहरू पनि बन्द भए । उत्पादन र उपभोगको सन्तुलन यसरी बिग्रियो कि नेपालको निर्यात स्थिर रह्यो तर आयात दशौँ गुणाले बढ्यो ।

### *उपभोक्तावादतर्फको यात्राः समाजवादउन्मुख संविधान*

२०७२ सालको नयाँ संविधानले समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना गर्‍यो, तर व्यवहारमा उपभोग उन्मुख अर्थतन्त्र झन् सुदृढ भयो । संविधान जारी भएपछिको एक दशकलाई हेर्दा हामी समाजवादतर्फ होइन, चरम उपभोक्तावादतर्फ गइरहेका छौँ भन्दा फरक पर्दैन । संघीयताले अधिकार तल्लो तहसम्म पुर्‍याए पनि आर्थिक उत्पादनको केन्द्र गाउँ बन्न सकेन । स्थानीय तहहरूले आफ्नो बजेट उत्पादनशील क्षेत्रमा भन्दा पनि बिनायोजना मनोमानी रूपमा सडक खन्ने, भ्यु-टावर बनाउने, आ-आफ्नो राजनीतिक दलका कार्यकर्तालाई केन्द्रमा राखेर विकास योजना बनाउने र कमिसनकेन्द्रित अनुत्पादक पूर्वाधारमा खर्च गरे ।

गाउँगाउँमा डोजर पुग्यो, तर त्यही सडक भएर गाउँको उत्पादन सहर आउनुको सट्टा रेमिट्यान्सको रकमभन्दा अघि बहुराष्ट्रिय कम्पनीको वस्तु गाउँ पुगिसकेको हुन थाल्यो, जसले गर्दा रेमिट्यान्सको रकम जहाँबाट आयो, त्यतै जाने बाटो पनि सँगसँगै बन्यो । यसरी समाजवाद उन्मुख संविधानको मर्मविपरीत नेपाली समाजले उपभोक्तावादको बाटो लिन पुग्यो ।

संविधान जारी हुनुअघि र पछिको दश वर्षको तथ्यांक हेर्दा नेपालको कुल गार्हस्थ्य उत्पादनमा उद्योगको योगदान १० प्रतिशतबाट घटेर ५ प्रतिशतको हाराहारीमा पुगेको छ । बजेटको ठुलो हिस्सा उपभोग्य वस्तुको आयातमा खर्च भइरहेको छ भने उपभोगको हिस्सा जीडीपीको झण्डै ९० प्रतिशत छ, जबकि बचत र लगानीको हिस्सा अत्यन्तै न्यून छ । यी सबै हुनुमा देशका प्रमुखदेखि सत्तासाझेदारी सबै दलहरूको कुनै न कुनै रूप र समयमा निर्णायक भूमिका छ, जसले उपभोक्तावादलाई नै आफ्नो राजनीतिक आधार बनाए र कार्यकर्ता पाल्नका लागि दलाल पुँजीवादलाई प्रश्रय दिए । उत्पादन गर्नेलाई भन्दा सामान आयात गर्ने ट्रेडिङ एजेन्टलाई नीतिगत सुविधा दिइयो । रेमिट्यान्सलाई देशको वित्तीय सफलताको मानक मानियो, जबकि त्यो हाम्रो उत्पादनशील शक्तिको पलायन थियो भन्ने तर्फ कसैको पनि ध्यान गएन, न कुनै बहसको विषय नै बनाइयो ।

गत भदौ २३ र २४ मा देखिएको युवाहरूको असन्तुष्टि (जेनजी आन्दोलन) र संसद् विघटनका घटनाहरू यही उपभोक्तावादी सङ्कटका राजनीतिक परिणाम हुन् । नयाँ पुस्ताले विश्वका सुविधाहरू इन्टरनेटमा देख्छ र उसलाई ती उपभोग गर्ने इच्छा छ । तर देशमा उत्पादन र रोजगारीको अवसर छैन । यही खाडलले गर्दा युवाहरूमा चरम निराशा छ, जसले गर्दा उनीहरू कि त देश छोड्न चाहन्छन् कि त सडकमा विद्रोह गर्छन् । त्यसैको एउटा उदाहरणीय परिणाम थियो, जेनजी आन्दोलन ।

जेनजी आन्दोलन र संसद् विघटनपछि हुन लागेको निर्वाचनमा नयाँ र जेनजीको मनोविज्ञानमा आधारित दलहरूको अवस्था अलि अनौठो छ । तिनीहरू आफूलाई नयाँ पुस्ताको प्रतिनिधि त भन्छन्, भ्रष्टाचार र सुशासनका कुरा पनि चर्काउँछन् तर नेपालको भयावह व्यापार घाटा कसरी घटाउने र उपभोक्तावादी समाजलाई कसरी उत्पादनमुखी बनाउने भन्नेमा उनीहरूको कुनै स्पष्ट अवधारणा छैन ।

सुन्दा मात्र पनि अस्वाभाविक र अप्राकृतिक जस्तो लाग्ने परिवर्तनका कुरा त गरेका छन् तर उनीहरू लोकप्रियतावादको चरम सिकार बनेका छन् । भ्रष्टाचारविरोधी नाराले मात्र उपभोक्तावादी समाजलाई उत्पादनशील बनाउन सक्दैन भन्ने सामान्य र आधारभूत कुरासमेत सुनिँदैन । उनीहरूले सस्तो लोकप्रियताका लागि आश्वासन दिन्छन्, सुशासन र प्रविधिका कुरा गर्छन् तर माटोमा पसिना बगाएर कसरी आत्मनिर्भर हुने भन्ने कुनै फरक मार्गदर्शन उनीहरूमा पनि देखिँदैन ।

दिगो आर्थिक कार्यक्रमभन्दा सामाजिक सञ्जालको भाइरल शैलीमा लोकप्रिय हुन खोजिरहेका छन् । यस प्रकारको लोकप्रियतावादले उपभोक्तावादलाई झन् बढवा दिन्छ किनकि यसले मानिसलाई तत्कालको सस्तो सन्तुष्टिमा अलमल्याउँछ । नयाँ भनेर आउन लागिरहेका दलहरूले उत्पादन र आत्मनिर्भरताको खाका नल्याएसम्म उनीहरूको उदयले उपभोक्तावादी समाजमा कुनै सकारात्मक प्रभाव पार्ने देखिँदैन । बरु यसले जनतामा झन् ठुलो निराशा पैदा गर्न सक्छ ।

### *रेमिट्यान्सको पुँजीकरण*

नेपालले आज भोगिरहेको श्रम पलायन र रेमिट्यान्सको समस्याबाट एक समय आजको विकसित देश दक्षिण कोरिया पनि गुज्रिएको थियो । लामो समय जापानी उपनिवेशबाट शासित भएको कोरियाले उपनिवेशबाट स्वतन्त्र भएलगत्तै आन्तरिक गृहयुद्धको सामना गर्नुपर्‍यो र अन्ततः विभाजनको तहमा पुग्यो । गृहयुद्ध र विभाजनले थलिएको दक्षिण कोरियाका युवाहरू १९६० र ७० को दशकमा जर्मनीको कोइला खानी र मध्यपूर्वी देशहरूमा सडक बनाउन श्रमिकका रूपमा गएका थिए ।

तत्कालीन कोरियाली सरकारले ती युवाहरूले पठाउने रेमिट्यान्सलाई केवल उपभोगमा मात्र खर्च हुन दिएन । बरु विदेशमा रहेका श्रमिक र त्यहाँबाट फर्किएका युवाहरूसँग एउटा ऐतिहासिक आर्थिक सहकार्यको नीति लियो र श्रमिकहरूले पठाएको पैसालाई राष्ट्रिय बैंकिङ प्रणालीमार्फत आजको विश्व चर्चित हुन्डाई र सामसङजस्ता ठुला उद्योगहरूको जग स्थापना गर्न लगानी पुँजीको रूपमा प्रयोग गर्‍यो ।

सरकारले रेमिट्यान्स पठाउने युवाहरूको आर्थिक सुरक्षाको सुनिश्चितता गर्‍यो । उनीहरू फर्किएपछि आफ्नै देशमा उद्यम गर्न बिनाधितो ऋण र कर छुटका कार्यक्रमहरू ल्यायो । परिणामतः श्रमिकहरूको त्यही रगत-पसिनाको रेमिट्यान्सलाई राष्ट्रिय पुँजी निर्माण गर्न सफल भयो । आजको कोरियाको समृद्धिको जग त्यही ७० को दशकको रेमिट्यान्स र सरकारको सही नीति नै हो । छ दशक अगाडि, युद्ध र विभाजनको पृष्ठभूमिमा बनेको कोरियाली सरकारले त्यस किसिमको नीति लिन सकेको थियो भने छ दशक पछाडि विज्ञान प्रविधिको विकासले कायापलट मारिसकेको युगमा पुगिसक्दा पनि नेपालको सरकारले सोच्ने तरिका र आत्मसात् गर्ने नीति कति सान्दर्भिक, कति असान्दर्भिक छ भन्ने बहससमेत हुने गरेको छैन । अझ रेमिट्यान्स प्रयोगको फेहरिस्त कहालीलाग्दो अवस्थामा छ ।

कुनै पनि समाजको उत्पादन प्रणाली त्यसको शिक्षा प्रणालीको प्रतिविम्ब हो । विडम्बना, नेपालको शिक्षा प्रणाली र उत्पादनबिचको सम्बन्ध स्थापित हुनै सकेन । नेपालको शिक्षा प्रणालीले उद्यमी वा उत्पादकभन्दा केवल बौद्धिक मजदुर वा प्रशासक जन्माउने काम गरिरहेको छ । डिग्री पास गरेका युवाहरूमा ’म पढेको मान्छे, मैले माटो छुनु हुँदैन’ भन्ने एउटा घातक मनोवैज्ञानिक त्रुटि छ । शिक्षाले श्रमप्रतिको सम्मान होइन, घृणा र वितृष्णा सिकाएको छ, जुन उत्पादक समाज निर्माणका लागि ठुलो सांस्कृतिक अवरोध हो । नेपालका विश्वविद्यालयहरू आज प्रमाणपत्र बाँड्ने कारखाना र विदेश जाने ट्रान्जिट पोइन्टजस्ता मात्रै भएका छन् । उच्च शिक्षा हासिल गरेका युवा रोजगारीकै लागि बिदेसिनुको मुख्य कारण पनि हाम्रो शिक्षाले बजारको मागअनुसार सीप दिन नसक्नु र देशमा उत्पादनको वातावरण नहुनु हो, जसले गर्दा देशका उत्कृष्ट प्रतिभाहरू पलायन भइरहेका छन् ।

शिक्षालाई उत्पादनसँग जोड्न किताबी ज्ञान मात्र पर्याप्त छैन । विकल्पका रूपमा विद्यालय तहदेखि नै व्यावहारिक सीप र उद्यमशीलतालाई अनिवार्य गरिनुपर्छ । विश्वविद्यालयहरूलाई अनुसन्धान र औद्योगिक केन्द्रहरूसँग जोडेर पढ्दै कमाउँदैको मोडलमा जानेतर्फ पहल गर्नुपर्दछ ।

कुनै पनि उत्पादनको आधार नभएको अनुत्पादक समाजमा जब उपभोगको तीव्र इच्छा हुन्छ, तब समाजमा अनेकन विकृतिहरू देखा पर्न थाल्छन् । जसले समाजलाई नैतिक र मनोवैज्ञानिक क्षयतर्फ लैजान्छ । मिहिनेत बिना छोटो समयमा धनी बन्ने लालचले ठगी, भ्रष्टाचार र आपराधिक मानसिकताले गिजोल्दै लैजान्छ । नेपालको प्रशासन क्षेत्रमा कर्मचारीले लिने घुस र सेवामा हुने झमेला यही उपभोक्तावादी भोकको परिणाम हो ।

उत्पादनमा संलग्न नहुने मानिसमा सिर्जनात्मकता हुँदैन । यसले गर्दा आम मानिसमा आक्रोश, ईर्ष्या, क्रोध र अरूको प्रगतिमा जल्ने प्रवृत्ति हाबी हुन्छ । सहयोगी भावना शून्य र भविष्यप्रति अन्योल हुनु अनुत्पादक समाजका रोगहरू हुन् । नेपाल यो रोगको सङ्क्रमणबाट अछुतो छैन, बरु रोगको सिकार हुने बाटोमा तत्पर छ ।

### *उपभोक्तावादी समाजका चुनौतीहरू*

कुनै पनि देश जब उपभोक्तावादको चरम बिन्दुमा पुग्छ, उसले गम्भीर चुनौतीहरूको सामना गर्नुपर्छ । यसलाई विश्वका विभिन्न उदाहरणबाट बुझ्न सकिन्छ । अमेरिका जस्ता विकसित देशहरूमा पनि उपभोक्तावादले गर्दा नागरिकहरू अत्यधिक क्रेडिट कार्ड र व्यक्तिगत ऋणमा फसेका छन् । नेपालमा पनि उत्पादन नहुने तर उपभोग बढ्ने हुँदा राष्ट्रिय र व्यक्तिगत दुवै तहमा ऋणको भार चुलिएको छ । अत्यधिक उपभोगले स्रोतहरूको दोहन बढाइरहेको साथै विश्वका उदीयमान र शक्तिशाली देशहरूको अर्थतन्त्रमा, उपभोगको होडबाजीले प्रदूषण र फोहोर व्यवस्थापनको भयावह सङ्कट निम्त्याएको छ ।

ग्रीसजस्ता युरोपकै कतिपय देशहरूले आफ्नो उत्पादन क्षमता गुमाउँदा र केवल आयातित उपभोगमा रमाउँदा आर्थिक टाट पल्टिने अवस्था भोग्नुपरेको र आर्थिक सार्वभौमिकता गुमाउन पुगेको उदाहरणहरू छन् । नेपाल जस्तो अनुत्पादक देशका लागि यो सबैभन्दा ठुलो चुनौती हो ।


नेपालको उपभोक्तावादी समाजको भविष्य अहिले एक गम्भीर मोडमा छ । बाहिरबाट हेर्दा आधुनिक देखिए पनि भित्रबाट खोक्रो छ र उधारोको जिन्दगी बाँचिरहेको छ । युवा विदेश पठाएर उनीहरूको रगत र पसिनाको मूल्यमा विदेशी सामान उपभोग गरिरहेको छ, जुन दीर्घकालीन छैन । अब नेपालले आफ्नो मौलिक आत्मनिर्भरताको बाटोलाई आधुनिक प्रविधिसँग जोड्दै रेमिट्यान्सलाई राष्ट्रिय पुँजी निर्माणको लागि प्रभावकारी नीति अवलम्बन गर्नुको विकल्प छैन ।

आसन्न निर्वाचनले केवल अनुहार मात्र होइन, नेपालको आर्थिक चरित्र बदल्ने नेतृत्व छान्न सक्नुपर्छ । नयाँ र पुराना दुवै दलहरूले लोकप्रियतावादको सस्तो राजनीति त्यागेर र मतदाताले पनि क्षणिक लोभभन्दा माथि उठेर उत्पादक समाज निर्माणको पक्षमा उभिनु नै आजको आवश्यकता र दायित्व हो ।

बिना उत्पादनको उपभोगले विनाशतिर लैजाने कुरालाई आत्मसात् गरेर अबको राजनीतिक कार्यक्रम उपभोगका लागि आयात होइन, आत्मनिर्भरताका लागि उत्पादन हुनुपर्छ । यदि आज यो बाटो समात्न सकेनौँ भने आउँदो पुस्ताले एउटा खोक्रो, परजीवी र असफल राष्ट्र मात्र पाउनेछ ।

## बच्चालाई मोबाइल दिनुअघि अभिभावकले

# निर्धारण गर्नुपर्ने ५ नियम



आजको युगमा बच्चालाई मोबाइल फोन दिनु निकै सामान्य भइसकेको छ। धेरै अभिभावकहरूले गुनासो गर्छन्, 'मेरो बच्चा जतिबेला पनि मोबाइलमै झुण्डिरहन्छ, खान, खेल्न, पढ्न पनि बिर्सिन्छ।'
यो समस्या धेरै घरमा देखिन्छ। तर मोबाइल दिनु पूर्णरूपमा गलत पनि होइन। अनलाइन कक्षा, ट्यूशनको सम्पर्क, आपत्कालीन अवस्थामा वा सुरक्षित रूपमा जानकारी आदान-प्रदान गर्न मोबाइल आवश्यक पनि पर्छ।
मुख्य कुरा भनेको सही समयमा, सही तरिकाले र स्पष्ट नियमहरू बनाएर मोबाइल दिनु हो। यसले बच्चाको विकासमा सकारात्मक प्रभाव पार्छ भने नियमबिना दिएको मोबाइलले स्वास्थ्य, पढाइ, व्यवहार र सुरक्षा जोखिममा पार्न सक्छ। त्यसैले अभिभावकहरूले बच्चालाई मोबाइल दिनुअघि वा दिइसकेपछि व्यावहारिक र आवश्यक नियमहरू पालना गर्नुपर्छ।

*१. विश्वास र खुला संवादको आधार बनाउने*
बच्चालाई मोबाइल दिँदा पहिले नै भन्नुपर्छ 'हामी तिमीलाई पूर्ण विश्वास गर्छौं। तिमी समझदार भइसक्यौ, यसको सही प्रयोग गर्छौ भन्ने हामीलाई थाहा छ। तर यदि कुनै समस्या भयो भने लुकाउनु हुँदैन, हामीसँग सेयर गर्न सक्छौ।'
पासवर्ड गोप्य राख्नु हुँदैन भन्नुपर्छ र आपत्कालीन अवस्थामा अभिभावकले फोन जाँच्न गर्नुपर्छ। बच्चालाई त्रासमा राख्नु हुँदैन, बरू सहयोगी बन्ने वातावरण बनाउनुपर्छ। यसले बच्चा लुकाउने होइन, खुल्ने बनाउँछ।

*२. स्पष्ट समय र स्क्रिन टाइम नियमहरू निर्धारण गर्ने*
मोबाइलको प्रयोग समयबद्ध बनाउनु अत्यन्त जरुरी छ। उमेरअनुसार विश्व स्वास्थ्य संगठन र अन्य विशेषज्ञहरूले सिफारिस गरेका छन्।
२-५ वर्षका बच्चाहरुलाई दिनमा अधिकतम १ घण्टा उच्च गुणस्तरको शैक्षिक सामग्री मात्र, अभिभावकसँगै हेर्ने।
६ वर्षभन्दा माथिका बालबालिकाले दिनमा १-२ घण्टा प्रयोग गर्न दिने। पढाइ, खेलकुद र निद्रालाई असर नपार्ने गरी। सुत्ने समयभन्दा कम्तीमा १ घण्टा अगाडि सबै स्क्रिन बन्द गरिदिनुपर्छ। नीलो प्रकाशले निद्रा प्रभावित गर्छ।
खाना खाँदा, परिवारसँग समय बिताउँदा, पढाइ/होमवर्क गर्दा र सुत्ने कोठामा मोबाइल पूर्णरूपमा निषेध गर्नुपर्छ। यी नियमहरू लिखित रूपमा बनाएर घरमा टाँस्न सकिन्छ। नियम तोड्दा बहस नगरी फोन केही समयका लागि लिइदिनुपर्छ।

*३. नचिनेका व्यक्तिसँग कुराकानी नगर्ने कडा नियम*
इन्टरनेटमा बच्चामाथि दुरुपयोग, छेडखानी, फेक प्रोफाइल र अनलाइन शोषणको जोखिम उच्च छ। नेपालमा पनि यस्ता घटना बढ्दै छन्। यस्तोमा स्कूल, ट्यूशन वा चिनेका साथीहरूको मात्र नम्बर र च्याटमा सम्पर्क राख्नुपर्छ भनेर सिकाउनुपर्छ।
नचिनेको नम्बर, अनजान प्रोफाइल वा ग्रुपमा जवाफ दिन हुँदैन भन्ने कुरा पनि सिकाउनुपर्छ। कुनै सामग्रीले अप्ठ्यारो वा असजिलो लागे तुरुन्तै अभिभावकलाई देखाउनुपर्छ भन्ने जानकारी पनि दिनुपर्छ।

*४. सोसल मिडिया प्रोफाइल प्राइभेट र सुरक्षित राख्ने*
बच्चाले सोसल मिडिया प्रयोग गर्छन् भने अकाउन्ट प्राइभेट राख्नुपर्छ। व्यक्तिगत जानकारी स्कूल, ठेगाना, दैनिकी, फोटो लोकेशन सार्वजनिक गर्नुहुँदैन। अभिभावकले पनि बच्चाको सोसल मिडिया फलो गरेर निगरानी राख्न सक्छन् तर पूर्ण नियन्त्रण होइन, विश्वासमा आधारित।

*५. नियम तोडिएमा परिणाम र सहयोगको स्पष्ट नीति*
राम्रो र नराम्रो प्रयोगको बारेमा खुलस्त कुराकानी गर्नुपर्छ। नियम तोड्दा फोन केही दिन/हप्ताका लागि फिर्ता लिइदिनुपर्छ। यदि बच्चा कुनै ट्र्यापमा परे भने डराउनु हुँदैन, अभिभावकसँग सहयोग माग्न सक्छ भन्ने विश्वास दिलाउनुपर्छ। अभिभावकले पनि मोबाइलको सही प्रयोग गरेर देखाउनुपर्छ।
यी नियमहरू बच्चाको उमेर, परिपक्वता र परिवारको आवश्यकताअनुसार परिवर्तन गर्न सकिन्छ। मुख्य कुरा नियमहरू लगातार पालना गर्ने र खुला संवाद कायम राख्ने हो। यसले बच्चालाई जिम्मेवार डिजिटल नागरिक बनाउँछ र अभिभावकलाई चिन्तामुक्त बनाउँछ।

## कांग्रेसका........

रुकुमपूर्वमा कांग्रेस नेतृ कुसुम थापा मगर पूर्वप्रधानमन्त्री तथा नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' सँग प्रतिस्पर्धामा हुनुहुन्छ। उनी विघटित प्रतिनिधिसभामा समानुपातिक सांसद रहँदै कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापति थिइन्।

*चितवन-२ मा रविविरुद्ध खरेल*
चितवन-२ मा कांग्रेस नेतृ मीनाकुमारी खरेलको प्रतिस्पर्धा रास्वपा सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेसँग हुँदैछ। कांग्रेस चितवनको राजनीतिमा सक्रिय खरेल शैक्षिक तथा सामाजिक क्षेत्रमा समेत परिचित हुनुहुन्छ।

*झापा-२ मा दुई शीर्ष पदाधिकारीविरुद्ध प्रसाईं*
झापा-२ मा कांग्रेसले सरिता प्रसाईंलाई एमालेका निवर्तमान सभामुख देवराज घिमिरे र रास्वपाकी निवर्तमान उपसभामुख इन्दिरा रानाविरुद्ध उम्मेदवार बनाएको छ। प्रसाईंले प्रतिनिधिसभा र राष्ट्रियसभामा सांसद तथा कृषि राज्यमन्त्रीका रूपमा काम गरिसक्नुभएको छ।

*सिराहा-४ मा पहिलो चुनावमै तीन पूर्वमन्त्रीसँग यादव*
सिराहा-४ बाट उम्मेदवार बनेकी चन्द्रकलाकुमारी यादव संसदीय यात्रामा पहिलो पटक प्रत्यक्ष प्रतिस्पर्धामा उत्रिएकी हुन्। उनी एमाले, नेकपा र जसपा नेपालका पूर्वमन्त्रीहरूसँग चुनावी मैदानमा छन्।

*महोत्तरी-२ मा शरतसिंहविरुद्ध किरण*
महोत्तरी-२ मा कांग्रेसले नेतृ किरण यादवलाई बहुपटक मन्त्री भइसकेका जसपा नेपालका शरतसिंह भण्डारीविरुद्ध उम्मेदवार बनाएको छ। यादव पूर्वसंविधानसभा सदस्यसमेत हुनुहुन्छ।

*काठमाडौं-८ र ९ मा नयाँ अनुहार*
काठमाडौं-८ मा सपना राजभण्डारी र काठमाडौं-९ मा नानु बास्तोला प्रत्यक्षतर्फ पहिलो पटक चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्। दुवै जना कांग्रेस केन्द्रीय सदस्य हुन्।

*सिन्धुली-२ र दैलेख-१ मा नयाँ चुनौती*
सिन्धुली-२ मा सुशीला थिङ र दैलेख-१ मा बासना थापा पनि पहिलो पटक प्रत्यक्ष निर्वाचनमा प्रतिस्पर्धा गर्दै हुनुहुन्छ।

*गत निर्वाचनकी विजेता सीता गुरुङ टिकटबाट बाहिर*
२०७९ को प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ कांग्रेसबाट एकमात्र महिला विजेता सीता गुरुङ यसपटक टिकट पाउनबाट वञ्चित हुनुभएको छ। पार्टीभित्रको आन्तरिक असहमतिका कारण जिल्ला कार्यसमितिबाट उनको नाम सिफारिस नभएको कांग्रेस स्रोतले जनाएको छ।
गत निर्वाचनमा प्रत्यक्षतर्फ २२५ महिला उम्मेदवारमध्ये नौ जना निर्वाचित भएका थिए। तीमध्ये कम्तीमा पाँच महिला नेतृ यसपटकको संसद्मा नदेखिने भएका छन्।

## राजनीतिक....

त्यसलाई अर्थपूर्ण बनाउने राजनीतिक इच्छाशक्ति, संविधानप्रतिको स्पष्ट प्रतिबद्धता र राष्ट्रिय संकटबारे गहिरो विमर्शबिना यो प्रक्रिया दिशाहीन र निष्प्रभावी बन्ने जोखिम उच्च रहेको उहाँको निष्कर्ष छ।
अब प्रश्न उठ्छ–के राजनीतिक शक्तिहरू निर्वाचनसँगै आत्मसमीक्षा, संवाद र संरचनागत सुधारतर्फ गम्भीर बन्नेछन्, वा फेरि एकपटक निर्वाचनले मात्र सबै समस्या समाधान गर्ने भ्रममै देशलाई अघि बढाइनेछ ?

## हेडक्वार्टरले ७ वटै प्रदेशमा खटायो एआईजी

दैनिक समाचारदाता
काठमाडौं २५ माघ। निर्वाचन सुरक्षाबारे अनुगमन गर्न प्रहरी प्रधान कार्यालयले सबै प्रदेशमा



एआईजीहरुलाई खटाएको छ। ७ वटा प्रदेशको निर्वाचन सुरक्षा चुनौतीबारे बुझ्न प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) खटिएका हुन्। प्रहरी प्रधान कार्यालय स्थित प्रशासन विभागमा कार्यरत एआईजी हिमालय कुमार श्रेष्ठ सुदूरपश्चिम प्रदेशको सुरक्षा चुनौती बुझ्न खटिएका छन्। मधेस प्रदेशका सबै जिल्लामा पुगेर एआईजी डम्बर बिक काठमाडौं फर्किएका छन्। फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा मधेस प्रदेश सबैभन्दा संवेदनशील मानिएको छ। चुनाव भन्दा दुई दिन अघि हुने होलीका कारण निर्वाचन प्रभावित हुने आकलन गरिएको छ।

## जापानमा ताकाइचीको ठूलो जितको अपेक्षा

टोकियो। जापानका प्रधानमन्त्री साने ताकाइचीले आफ्नो दललाई महत्त्वाकाङ्क्षी रूढीवादी राजनीतिक एजेन्डा अघि बढाउन पर्याप्त जनसमर्थन प्राप्त हुने आशा व्यक्त गर्दै आइतबार संसदीय निर्वाचनको मतदान सुरु भएको छ। सत्तारूढ लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) ले आर्थिक सहयोग र धार्मिक घोटालाका कारण दबाब झेले पनि ताकाइचीले त्यसलाई उल्ट्याउने विश्वाससहित मध्यावधि निर्वाचनको आह्वान गरेकी हुन्।

ताकाइची लोकप्रिय नेताका रूपमा चिनिन्छिन्। विगत सात दशकदेखि जापानमा शासन गर्दै आएको एलडिपी हाल विश्वासको सङ्कटमा परे पनि उनले दक्षिणपन्थी एजेन्डामार्फत अर्थतन्त्र र सैन्य क्षमता बलियो बनाउने लक्ष्य राखेकी छन्। चीनसँग बढ्दो तनावका बीच जापानको सुरक्षा क्षमता विस्तार गर्नु र प्रमुख अमेरिकी सहयोगीसँगको सम्बन्ध थप सुदृढ बनाउनु उनका प्रमुख प्राथमिकता हुन्।

अक्टोबरमा जापानको पहिलो महिला प्रधानमन्त्रीका रूपमा पदभार ग्रहण गरेकी अल्ट्राकन्जरभेटिभ ताकाइचीले 'काम गर्ने, काम गर्ने, काम गर्ने' भन्ने नारासहित सक्रिय नेतृत्वको प्रतिज्ञा गरेकी छन्।




उनको स्पष्ट र कडा शैलीले युवा मतदातामाझ पनि समर्थन पाएको देखिन्छ।

हालैका सर्वेक्षणले तल्लो सदनमा एलडीपीको उल्लेखनीय जित हुनसक्ने सङ्केत गरेका छन्। नयाँ मध्यमार्गी गठबन्धन र बढ्दो अति-दक्षिणपन्थी समूहहरू उदाए पनि विपक्षीले ठोस चुनौती दिन सक्ने अवस्था कमजोर देखिएको छ। ताकाइचीले आफ्नो दल एलडीपीले नयाँ साझेदार जापान इनोभेसन पार्टीसँग मिलेर ४६५ सिटको तल्लो सदनमा बहुमत हासिल गर्ने अपेक्षा गरेका छन्।


प्रमुख जापानी अखबारहरूको सर्वेक्षणअनुसार एलडिपीले एक्लै साधारण बहुमत ल्याउन सक्ने सम्भावना छ भने गठबन्धनले करिब ३०० सिट जित्न सक्छ। यदि बहुमत प्राप्त गर्न असफल भए आफूले राजीनामा दिने ताकाइचीको चेतावनी छ।

ताकाइचीको सम्भावित ठूलो जितले जापानको सुरक्षा, आप्रवासन र अन्य नीतिहरूलाई दक्षिणतर्फ उल्लेखनीय रूपमा मोड्न सक्ने अनुमान गरिएको छ। उनले सैन्य क्षमता विस्तार, हतियार निर्यातसम्बन्धी प्रतिबन्ध हटाउने र युद्धपछिको शान्तिवादी नीतिबाट क्रमशः टाढा जाने वाचा गरेका छन्। साथै विदेशीहरूमाथि कडा नीति, जासुसीविरोधी उपाय र रक्षा खर्च वृद्धि गर्ने योजना पनि प्रस्तुत गर्नुभएको छ, जसबारे नागरिक अधिकार कमजोर पर्न सक्ने चिन्ता विज्ञहरूले व्यक्त गरेका छन्।

आइतबारको मतदान टोकियोसहित देशभर ताजा हिमपातका बीच सुरु भएको हो। पछिल्ला हप्ताहरूमा उत्तरी जापानमा परेको भारी हिमपातले सडक अवरुद्ध हुनुका साथै जनजीवन प्रभावित भएको छ, जसका कारण केही क्षेत्रमा मतदान र मतगणनामा ढिलाइ हुन सक्ने अधिकारीहरूले बताएका छन्।

## फ्रान्समा पूर्व मन्त्रीमाथि छानबिन

एजेन्सी
पेरिस। फ्रान्सका वित्तीय अपराध अभियोजकहरूले पूर्व संस्कृतिमन्त्री ज्याक लाङमाथि कर छलीबाट प्राप्त रकम शुद्धीकरण गरेको आशङ्कामा प्रारम्भिक अनुसन्धान सुरु गरेका छन्। अमेरिकी यौन अपराधी जेफ्री एप्स्टिनसँगको सम्बन्धबारे खुलासा भएपछि यो छानबिन सुरु भएको हो। ८६ वर्षीय लाङले आधारहीन भन्दै आरोप अस्वीकार गरेका छन्। अनुसन्धानले आफ्नो इमानदारी स्पष्ट गर्ने उनको भनाइ छ।



अनुसन्धान घोषणा भएको केही घण्टापछि लाङले फ्रान्स-अरब सम्बन्ध प्रवर्द्धन गर्ने संस्था 'अरब विश्व संस्थान'को प्रमुख पदबाट राजीनामा दिने घोषणा गरेका छन्। विदेशमन्त्री जाँ-नोएल बारोले उक्त प्रस्ताव स्वीकार गर्दै उत्तराधिकारी खोज प्रक्रिया सुरु गर्ने बताएका छन्।
एपिस्टन फाइलमा लाङको नाम करिब ७०० पटक उल्लेख भएको छ। उनका छोरी क्यारोलिन लाङ पनि अनुसन्धानको दायरामा छिन्। उनले फ्रान्सेली फिल्म निर्माता संघको नेतृत्वबाट राजीनामा दिइसकेकी छिन्।
आफूले करिब १५ वर्षअघि एपिस्टनलाई भेट्दा उनका अपराधबारे आफूलाई केही थाहा नभएको लाङले बताएका छन्। एपिस्टनलाई आफूले कला र संस्कृतिमा रुचि राख्ने व्यक्ति ठानेको दाबी उनले गरेका छन्। फ्रान्सेली सञ्चारमाध्यमले भने एपिस्टनको कार र निजी विमान प्रयोग गरेकोलगायत विवरण सार्वजनिक गरेका छन्। फाइलहरूले लाङ वा उनकी छोरीलाई एपिस्टनका यौन अपराधमा जोडेको छैन। तर दुई पक्षबिच आर्थिक सम्बन्धमाथि प्रश्न उठेको छ। एप्स्टिनले २०१९ मा न्यूयोर्कको जेलमा आत्महत्या गरेका थिए।

# सर्लाही-१ मा २८ उम्मेदवारबीच कडा प्रतिस्पर्धा


शम्भुलाल श्रेष्ठ, *कांग्रेस*


मनोजकुमार देवकोटा, *एमाले*


प्रमोद साह, *नेकपा*


नीतिमा भण्डारी कार्की, *रास्वपा*

दैनिक समाचारदाता
सर्लाही,२५ माघ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा सर्लाही क्षेत्र नं. १ बाट २८ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्।

यस क्षेत्रमा तीन जना पूर्वप्रतिनिधिसभा सदस्यसहित २८ जनाको उम्मेदवारी परेको हो। सर्लाही(१ मा मुख्य रूपमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बीच रोचक प्रतिस्पर्धा हुने आँकलन गरिएको छ।

नेपाली कांग्रेसबाट शम्भुलाल श्रेष्ठ, नेकपा (एमाले) बाट मनोजकुमार देवकोटा, नेपाली कम्युनिस्ट पार्टीबाट प्रमोद साह र राष्ट्रिय स्वतन्त्र पार्टीबाट नीतिमा भण्डारी कार्की उम्मेदवार रहनुभएको छ। उहाँहरूसहित अन्य उम्मेदवारहरू वडास्तरमा अगुवा कार्यकर्तासँग भेटघाट गर्ने, सम्पर्क कार्यालय खोल्ने तथा निर्वाचन परिचालन समिति गठन गर्ने गतिविधिमा व्यस्त देखिन्छन्।

सर्लाही(१ मा उम्मेदवारी दिएका शम्भुलाल श्रेष्ठ, प्रमोद साह र रामप्रकाश चौधरी यस क्षेत्रका पूर्वप्रतिनिधिसभा सदस्य हुनुहुन्छ। २०७९ को निर्वाचनमा गठबन्धनका तर्फबाट तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका रामप्रकाश चौधरी २४ हजार ८३८ मत प्राप्त गरी निर्वाचित हुनुभएको थियो।

उक्त निर्वाचनमा स्वतन्त्र उम्मेदवार मानबहादुर खड्काले १८ हजार ४०४ मत प्राप्त गर्नुभएको थियो भने एमाले गठबन्धनका उम्मेदवार जनता समाजवादी पार्टी नेपालका प्रमोद साहले १४ हजार २५५ मत ल्याउनुभएको थियो। त्यसबेला रामप्रकाश चौधरीलाई केन्द्रको गठबन्धनअनुसार नेपाली कांग्रेस र माधवकुमार नेपाल नेतृत्वको तत्कालीन नेकपा समाजवादीको समर्थन थियो।

यस पटक कांग्रेसले आफ्नै उम्मेदवार खडा गरेको छ भने तत्कालीन समाजवादी पार्टी माओवादी केन्द्रसँग एकीकरण भई नेपाली कम्युनिस्ट पार्टी बनेको छ। नेकपाका उम्मेदवार प्रमोद साह २०७४ को निर्वाचनमा यस क्षेत्रबाट तत्कालीन राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) का तर्फबाट उम्मेदवार भई २२ हजार ३६ मत प्राप्त गरी विजयी हुनुभएको थियो।

त्यसबेला नेकपा (एमाले) का उम्मेदवार स्वर्गीय ॒वप्रसाद गौतमले २१ हजार ४६५ र नेपाली कांग्रेसका शम्भुलाल श्रेष्ठले २० हजार ७५ मत प्राप्त गर्नुभएको थियो। प्रत्येक निर्वाचनमा नयाँ प्रतिनिधि चयन हुँदै आएको सर्लाही(१ मा यसपटकको प्रतिस्पर्धा झनै रोचक हुने मतदाताहरूको भनाइ छ। सर्लाही(१ मा कुल एक लाख ३० हजार ८७१ मतदाता रहेका छन्। चुरे भेगमा पर्ने सिन्धुलीसँगको सीमादेखि मधेशको समथर भूभागसम्म फैलिएको यस क्षेत्रमा चन्द्रनगर गाउँपालिका (१(७), लालबन्दी नगरपालिका (१(१७), ईश्वरपुर नगरपालिका वडा १५ बाहेक (१(१४), हरिपुर नगरपालिका वडा १ बाहेक (२(९) तथा कविलासी नगरपालिका वडा १, २ र ७ पर्दछन्।

चुरेको विकट बस्तीदेखि जिल्लाकै प्रमुख व्यापारिक केन्द्र लालबन्दी र बयलबास बजारसम्म फैलिएको यस क्षेत्रमा अधिकांश मतदाता कृषि पेसामा आबद्ध छन्। खानेपानीको अभाव र सिँचाइ समस्या यहाँका मुख्य चुनौती भएको भन्दै अब निर्वाचित हुने प्रतिनिधिले यिनै विषयलाई प्राथमिकतामा राख्नुपर्ने पूर्वप्रधानाध्यापक ऋषिप्रसाद सुवेदी बताउनुहुन्छ। सर्लाही(१ मा कृषि विश्वविद्यालय स्थापना, सुनकोशी(मरिण सिँचाइ आयोजनाको पानी विस्तार, लालबन्दी(मरिण(नेपालथोक सडक सञ्जाल निर्माणजस्ता मुद्दा लामो समयदेखि उठ्दै आएका छन्। चुनावी सरगर्मी बढ्दै जाँदा यहाँका मतदाता भने उखु काट्ने, दलहन तथा तेलहन बाली थन्क्याउने, हिउँदको फुर्सदमा मजदुरीका लागि विभिन्न स्थान जाने र गहुँबालीमा मलखाद हाल्ने काममा व्यस्त देखिन्छन्।

# विस्फोटमा घाइते बालकको शल्यक्रिया सफल

दैनिक समाचारदाता
सप्तरी, २५ माघ । सप्तरीको रुपनी गाउँपालिका(६ स्थित दुधैला खोलामा शनिबार भएको शंकास्पद वस्तुको विस्फोटमा शनिबार बिहान घरनजिकैको वन क्षेत्रमा बनभोज खान गएका उनीहरू बिहान साढे ११ बजे अचानक भएको विस्फोटमा परी घाइते भएको प्रहरीले जनाएको



घाइते भएका चार जना बालकको सफल शल्यक्रिया गरिएको छ। शल्यक्रियामार्फत उनीहरूको शरीरमा लागेको छर्रा निकालिएको हो।

दुधैला खोलामा बनभोज खान गएका बेला शंकास्पद विस्फोटक पदार्थ विस्फोट हुँदा बालकहरू घाइते भएका थिए। घाइते बालकहरूको राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचार गर्दै खुट्टा तथा शरीरका विभिन्न भागबाट छर्रा निकालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार विस्फोटमा स्थानीय साजन आले मगरका ११ वर्षीय छोरा साहास मगर, मनोज थापा मगरका ९ वर्षीय छोरा प्राशिस थापा मगर, कर्णबहादुर थापा मगरका १६ वर्षीय छोरा कविर थापा मगर र पदमबहादुर विकका १३ वर्षीय छोरा सुरज विक घाइते भएका हुन्।

छ। पिकनिकका क्रममा दाउरा खोज्न जाँदा बालकहरूले शंकास्पद वस्तु फेला पारी ल्याएको र चुल्होनजिक राख्ने क्रममा विस्फोट भएको सप्तरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिनुभयो। घाइतेमध्ये साहास र प्राशिसको पैतालामा गम्भीर चोट लागेको छ भने कविर र सुरजको शरीरका विभिन्न भागमा पनि छर्रा लागेको उहाँले बताउनुभयो। हाल सबैको उपचार भइरहेको छ।

घटनास्थल नेपाली सेनाको अभ्यास स्थल रहेको र अभ्यासका क्रममा प्रयोग भएको तर विस्फोट हुन नसकी बाँकी रहेको विस्फोटक पदार्थ हुन सक्ने स्थानीयले आशंका गरेका छन्। करिब एक महिना अगाडि सेनाको अभ्यास सकिएको र हराएको बमको खोजी भइरहेको स्थानीयको भनाइ छ। प्रहरीले घटनाको विस्तृत अनुसन्धान जारी रहेको जनाएको छ।

# मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु

दैनिक समाचारदाता
सप्तरी, २५ माघ । सप्तरीको शम्भुनाथ नगरपालिकामा मोटरसाइकलको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्।

नगरपालिकाको वडा नम्बर १० जमुवास्थित कठौना(पातो सडकखण्डमा शनिबार साँझ भएको दुर्घटनामा सोही स्थानका ६८ वर्षीय रामबाबु मण्डलको मृत्यु भएको हो।कठौनाबाट राजपुरतर्फ जाँदै गरेको प्रदेश २(०१(००१ प ५०४५ नम्बरको मोटरसाइकलले पैदलयात्रीलाई ठक्कर दिँदा मण्डल गम्भीर घाइते हुनुभएको थियो।

घाइते मण्डललाई उपचारका लागि छिन्नमस्ता अस्पताल, राजविराज ल्याइएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो। उक्त दुर्घटनामा मोटरसाइकल चालक शम्भुनाथ नगरपालिका(११ निवासी २२ वर्षीय राम अवतार मण्डल र मोटरसाइकलमा पछाडि सवार सोही स्थानका १६ वर्षीय विशालकुमार मण्डल घाइते भएका छन्। दुवैजनाको उपचार भइरहेको प्रहरीले जनाएको छ।

दुर्घटनामा संलग्न मोटरसाइकल नियन्त्रणमा लिइएको छ भने मोटरसाइकलमा पछाडि सवार १८ वर्षीय सुरज मण्डललाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## श्री माध्यमिक विद्यालय

(रा.वि.प्रा.वि.समेत) बनौली (०-१०)
पिपरा-७, महोत्तरी

### बोलपत्र (टेण्डर) आह्वान सम्बन्धी सूचना

उपर्युक्त विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/१०/१६ गतेको निर्णय अनुसार यस विद्यालयका पुराना जीर्ण दुईवटा दुई कोठे भवनहरू भत्काउँदा निस्किएका पुराना जस्ता पाता चदरा तथा ट्रष्ट फलाम लगायत अन्य सामग्रीहरूको न्यूनतम मूल्य रु.२,००,०००/- अक्षरेपी रु. दुई लाख मात्र) विद्यालय व्यवस्थापन समितिले निर्धारण गरेको हुँदा मूल्य बढाबढ गरी गोप्य शीलबन्दी बोल- पत्र आह्वान गरिएको छ ।

साथै आफूले सकार गरेको बोलपत्र रकमको १० प्रतिशत धरौटी रकम यस विद्यालयको पिपरा स्थित एभरेष्ट बैंक लि. को च.हि.नं. ०६२००१०५२००३५३ मा दाखिला गरेको सक्कल भौचर शीलबन्दी खाममा समावेश गरी मिति २०८२ /११/०४ गते दिनको ११:०० बजेसम्म विद्यालय प्रशासनमा बुझाउनु हुन जानकारी साथ अनुरोध छ । समयमा नआएको शीलबन्दी बोलपत्र मान्य हुने छैन ।

**पुनश्चः**

१. शीलबन्दी खाम खोल्ने मिति : २०८२/११/०४
२. स्थान :- विद्यालयको कार्यालय ।
३. समय : दिनको २:०० बजे ।

सम्पर्क फोन न.
**९८०७६५९००८ (वि.व्य.स. अध्यक्ष)**
**८७१७८८५०१८ (प्र.अ.)**




- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

**रामेश्वरम सर्जिकल उद्योग**
**जनकपुरधाम, १४, मधेश प्रदेश**
**मो.नं.: ९८१९८३५३१४**


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४